मिति २०८०/०५/३१ गतेको गाउँ कार्यपालिकाको दोस्रो बैठकमा पेश भएका प्रस्तावहरुः

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा । | यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति समिक्षा गर्ने । | |
| २. | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने । | |
| ३. | चक्रपथ सडक निर्माण सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ यस गाउँपालिका अन्तर्गत चक्रपथ सडक निर्माणको लागि यस गाउँपालिका र विभिन्न निकायबाट बजेट विनियोजन भएको हुँदा कार्यान्वय क्षेत्र/खण्ड छनौट गर्ने । | |
| ४. | श्रम रोजगार बैङ्कका आयोजना सम्बन्धमा । | चालु आ.व. २०८०/०८१ मा श्रम रोजगार बैङ्क कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजना छनौट गर्ने । | |
| ५. | सामुदायिक विद्यालयको सामाजिक परीक्षण सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आ.व. २०७८/०७९ सम्मको सामाजिक परीक्षण नगरेका विद्यालयहरुका जिम्मेवार प्रधानाध्यापक तथा कर्मचारीको मासिक तलव भत्ता निकास नगर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने | |

मिति २०८०/०५/३१ गतेको गाउँ कार्यपालिकाको दोस्रो बैठकबाट भएका निर्णयहरुः

१. यस गाउँ कार्यपालिकाका अघिल्ला बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको प्रगति अवस्थाको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु छिट्टै कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

२. यस गाउँपालिका अन्तर्गत चालु आ.व. २०८०/०८१ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागत अनुमान यथाशिघ्र तयार गरि कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन निर्णय गरियो ।

३. चालु आ.व. २०८०/०८१ यस गाउँपालिका अन्तर्गत चक्रपथ सडक निर्माणको लागि यस गाउँपालिका र विभिन्न निकायबाट बजेट विनियोजन भएको हुँदा कार्यान्वय क्षेत्र/खण्ड देहाय बमोजिम छनौट गर्ने ।

तपसिलः

| क्र.सं. | कार्यान्वयन गर्ने निकाय | चक्रपथ खण्ड/क्षेत्र |
|---|---|---|
| १. | भगवतीमाई गाउँपालिका | वडा नं. ४ र ५ तथा वडा नं. ६ र ७ जोड्ने सडक खण्ड |
| २. | पूर्वाधार विकास कार्यालय दैलेख | वडा नं. १ खण्ड |
| ३. | सडक डिभिजन सुर्खेत | जिरो पोइन्ट-घुम्ने-तुर्सु-पोखरा-पातिहाल्न खण्ड |

४. चालु आ.व. २०८०/०८१ मा श्रम रोजगार बैङ्क कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजना यथाशिघ्र छनौट गरी वडा कार्यालयले गाउँ कार्यपालिमा पेश गर्ने निर्णय गरियो ।

५. यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये आ.व. २०७८/०७९ सम्मको सामाजिक परीक्षण नगरेका विद्यालयहरुका जिम्मेवार प्रधानाध्यापक तथा कर्मचारीको मासिक तलव भत्ता निकास नगर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।